# चौथो त्रैमासिक प्रतिवेदन

## आ.व. २०८१/८२

## (२०८२ बैशाख-असार)

बागमती प्रदेश सरकार

## उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, मकवानपुर ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

कार्यालयको नामः उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, हेटौंडा, बागमती प्रदेश,

*(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको ।)*

अवधिः २०८२ बैशाखदेखि असारसम्म

१. निकायको स्वरुप र प्रकृतिः

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८०।०५।०५ को निर्णयबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको प्रमुख कार्यक्षेत्रमा प्रदेश भित्रको उद्योग, कलकारखाना, खानी खनिज, व्यापार तथा वाणिज्य, मानव संशाधन योजना, तालिम नीति एवम् भूमि व्यवस्थापन आदिको नीतिगत एवम् अन्य व्यवस्था आदि पर्दछन्।

२. निकायको काम, कर्तव्य र अधिकारः

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी देहाय अनुसार रहेका छन्:

१. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।

३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन।

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता।

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन।

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय।

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी।

८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन।

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार।



अधिकृत सतौं

महाशाखा प्रमुख

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन।

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वियन र नियमन।

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वियन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।

१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।

१५. संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन।

१६. उपभोक्ता अदालत गठन र सञ्चालन।

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय।

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन।

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वियन र नियमन।

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वियन, नियमन र कम्पनी प्रशासन।

२१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वियन र नियमन।

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन।

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन।

२४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वियन र नियमन।

२५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन।

२६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग।

२७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन।

२८. टाट पल्टेको र दामासाही सम्बन्धि।

२९. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वियन।

३०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण।

३१. औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन।

३२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू- उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वियन र नियमन।

३३. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।



अधिकृत सातौं

शाखा प्रमुख

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

३४. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।

३५. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।

३६. नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना।

३७. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

३८. भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

३९. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।


४०. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

४१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय।

## ३. निकायमा रहने कर्मचारीको संगठन संरचनाः

३.१ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।

उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपालको विद्यमान सांगठनिक संरचना



३.२ मन्त्रालयको स्वीकृत दरवन्दी तेरिज देहायबमोजिम रहेको छ ।

| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय,हेटौंडा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| दरबन्दी तेरीज | | | | | | | | | |
| | | | तह | प्रस्तावित दरबन्दी | | | | | |
| क्र.सं. | पद | सेवा/समुह | | मौजुदा स्विकृत दरबन्दी | यस आ.व. मा स्विकृत अस्थायी दरबन्दी | साबिकको स्विकृत दरबन्दीमा घट | साबिकको स्वीकृत दरबन्दीमा थप | कायम दरबन्दी | प्रस्तावित अस्थायी |
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र. | अधिकृतस्तर एघारौं | १ | | ० | ० | १ | |
| २ | महाशाखा प्रमुख | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | २ | | ० | ० | २ | |
| ३ | महाशाखा प्रमुख | ईन्जिनियर/सर्भे | अधिकृतस्तर नवौं/दशौं | १ | | ० | ० | १ | |
| ४ | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ७ | | ० | ० | ७ | |
| ५ | कम्प्युटर इन्जिनियर | इन्जि | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ६ | वन अधिकृत | वन/जनरल फरेष्ट्री | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ८ | कानुन अधिकृत | न्याय/कानुन | रा.प.तृतीय | १ | | ० | ० | १ | |
| ९ | तथ्याङ्क अधिकृत | विविध/प्रशासन | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १० | नापी अधिकृत | इन्जी/सर्भे | अधिकृतस्तर सातौं/आठौं | २ | | ० | ० | २ | |
| ११ | मेकानिकल ईन्जिनियर | इन्जि/मेकानिकल | अधिकृतस्तर सातौं/आठौं | ० | ० | ० | ० | ० | १ |
| १२ | भू-गर्भ विद | प्राविधिक | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १३ | सर्भेयर | इन्जी/सर्भे | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | २ | | ० | ० | २ | |
| १४ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | ८ | | ० | ० | ८ | |
| १५ | तथ्याङ्क सहायक | तथ्याङ्क | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | १ | | ० | ० | १ | |
| १६ | लेखापाल | प्र/लेखा | सहायक चौथो/पाँचौ | १ | | ० | ० | १ | |
| १७ | कम्प्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौ | २ | | ० | ० | २ | |
| १८ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | श्रेणी विहिन | ६ | | ० | ० | ६ | |
| १९ | हलुका सवारी चालक | इन्जी/मेकानिकल | श्रेणी विहिन | ४ | | ० | ० | ४ | |
| | | | जम्मा | ४१ | ० | ० | २ | ४३ | १ |

## ४. निकायबाट प्रदान गरिने सेवा:

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र कार्यात्मक निर्णयहरु तथा मातहतका कार्यालयहरुबाट सेवा प्रवाहजन्य कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्ष अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | श्री हेमराज भुसाल | प्रदेश सचिव | – |
| २ | श्री कुमार तामाङ | महाशाखा प्रमुख | प्रशासन तथा योजना महाशाखा |
| ३ | श्री महेशराज पौडेल | महाशाखा प्रमुख | उद्योग तथा वाणिज्य महाशाखा |
| ४ | श्री नवराज थापा | वन अधिकृत | वातावरण शाखा |
| ५ | श्री सरस्वती पौडेल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| ६ | श्री सुनिल बन्जरा | अधिकृत सातौं | योजना तथा अनुगमन शाखा |
| ७ | श्री टेकेन्द्र बहादुर थापा मगर | अधिकृत सातौं | उद्योग शाखा |
| ८ | श्री मुक्तिनाथ निरौला | अधिकृत सातौं | कर्मचारी प्रशासन शाखा |
| ९ | श्री मनोज कुमार गुप्ता | कानून अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा |
| १० | श्री हरि प्रसाद भट्ट | नापी अधिकृत | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| ११ | श्री अंगद लामिछाने | नापी अधिकृत | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १२ | श्री लक्ष्मी हुमागाई | अधिकृत छैठौं | कर्मचारी प्रशासन शाखा |
| १३ | श्री ध्रुब अर्याल | सर्वेक्षक | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १४ | श्री निशा दाहाल | लेखापाल | आर्थिक प्रशासन शाखा |
| १५ | श्री सन्तोषी तिवारी | क.अ. | कर्मचारी प्रशासन शाखा |
| १६ | श्री रविन्द्र भट्टराई | क.अ. | उद्योग शाखा |
| १७ | श्री महेन्द्र बहादुर क्षेत्री | का.स | दर्ता चलानी शाखा |
| १८ | विजय पौडेल | ह.चा.स | |
| १९ | दल बहादुर स्याङ्तान | ह.चा.स | |
| २० | सुमित श्रेष्ठ | ह.चा.स | |
| २१ | दिपेन्द्र क्षेत्री | ह.चा.स | |
| २२ | मनोज उपाध्याय | का.स | |
| २३ | रिता देवी पन्त | का.स | |
| २४ | संजीव लामा गोले | का.स | |
| २५ | अनिसा ओझा | का.स | |
| २६ | चमेली बिष्ट | का.स | |

६. <u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:</u>

प्रचलित नियम अनुसार।

७. <u>निर्णय गर्ने प्रक्रिया र अधिकारी:</u>

माननीय मन्त्री, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ।

८. <u>निर्णय उपर उजुरी सुन्ने अधिकारी:</u>

यस कार्यालयमा विभिन्न शाखा/महाशाखाहरूबाट गरिएका निर्णयहरु उपर मन्त्रालयका प्रदेश सचिवज्यूसमक्ष उजुरी वा गुनासो राख्न सकिनेछ।

अधिकृत सातौं



शाखा प्रमुख

९. सम्पादन गरेका कामको विवरण:

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म मन्त्रालयबाट सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ।

नीतिगत एवम् कानूनी व्यवस्था तथा नीति कार्यक्रम एवम् बजेट तयारी सम्बन्धी भएका कार्यहरु:

- प्रदेशको उद्योग प्रशासन तथा व्यवस्थापनलाई सामयिक बनाउन महत्वपूर्ण भूमिका खेल्ने "प्रदेश औद्योगिक व्यवसाय ऐन" तथा "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन" को प्रथम संशोधन भएको छ।
- हस्तकला क्षेत्रको प्रभावकारी प्रवर्द्धन तथा विकास गर्न प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१ तर्जूमा गरेको छ ।
- मन्त्रालयको बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्विनय गर्न प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि २०८१ र तालिम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ लगायतका कार्यविधिहरु तर्जूमा गरी कार्यान्वयनको क्रममा रहेको छ ।
- आ.ब. २०८२/८३ को नीति तथा कार्यक्रम अनुरुप बार्षिक बजेट निर्माण गरी सोको प्रभावकारी कार्यान्वयनका लागि योजना तथा कार्यविधि, मापदण्ड तर्जूमा गरी कार्यान्वयनको क्रममा रहेको छ ।
- मन्त्रालयले आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अन्तर्गतका कार्यालय प्रमुख तथा अन्य पदाधिकारीहरुको सहभागितामा वार्षिक कार्यक्रम कार्यान्वयन तथा उपलब्धीको सम्बन्धमा छलफल समीक्षा कार्यक्रम सम्पन्न भएको छ । जस अनुसार आ.व. २०८१/८२ यस मन्त्रालयले कूल बजेटको ७८ प्रतिशत बजेट कार्यान्वयन गर्न सफल भएको छ ।

नीति तथा कार्यक्रममा उल्लेखित कार्यक्रम सम्बन्धी कार्यहरु:

- उद्योग प्रशासनलाई सेवाग्राही र प्रविधिमैत्री बनाउने र उद्योग तथा व्यवसायको स्थापना सञ्चालन र बहिर्गमन सम्बन्धी सेवालाई थप सरल र प्रभावकारी बनाउने उद्देश्यले क्रमशः प्रविधिमैत्री नमूना कार्यालयहरु विकास गर्दै जाने उद्देश्य लिएको छ ।
- उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिष्पर्धा कायम गर्दै उपभोग्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइएको छ । बागमती प्रदेशका १३ वटै जिल्लास्थित् उद्योग तथा वाणिज्य कार्यालयहरुबाट आर्थिक वर्ष २०८१/०८२ मा २६१ पटक बजार अनुगमन गरी १७१२ वटा औद्योगिक तथा व्यापारिक फर्महरुको अनुगमन गरिएको छ।
- उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गरी लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गरी उनीहरुको सःीप संरक्षण गरी पचास प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्ष २०८२।८३ का लागि विनियोजित कार्यक्रमहरूको कार्यान्वयन मातहातका निर्देशनालय तथा जिल्लास्थितः उद्योग वाणिज्य कार्यालयबाट कार्यान्वयन हुने क्रममा रहेको छ ।



अधिकृत सातौं

शाखा प्रमुख

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

अन्य कार्यक्रमहरुको प्रगतिः

- चालु आर्थिक वर्ष २०८१/८२ मा यस मन्त्रालय मातहतका निर्देशनालय र १३ वटै जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयहरुबाट ४७२२ उद्योग र २३८८ वाणिज्य दर्ता गरिएको छ।
- मन्त्रालय मातहतका १३ ओटै उद्योग तथा व्यवसायिक संस्थाहरुको प्रभावकारी तथ्यांक व्यवस्थापनका लागि डिजिटाइजेसन गर्ने कार्य प्रक्रियामा रहेको छ।
- चालु आर्थिक वर्ष २०८१/८२ मा १३ वटै जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयहरुबाट ८५१ प्रविधि हस्तान्तरण तथा ३८४ वटा विभिन्न तालिमहरु संञ्चालन गरिएको छ।
- चालु आर्थिक वर्ष २०८१/८२ मा प्रदेश भित्रका विभिन्न जिल्ला कार्यक्षेत्र भएका र प्रचलित वातावरणीय कानुनले IEE स्वीकृत गर्नुपर्ने भनी तोकेका हालसम्म २४ वटा उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र २८ वटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सूची स्वीकृत भएको छ।

१० कार्यालय प्रमुख (प्रदेश सचिव) को नामः श्री हेमराज भुसाल

११ प्रवक्ताको नामः श्री कुमार तामाङ

१२ सूचना अधिकारीको नाम र पदः श्री सुनिल बन्जरा (अधिकृत सातौं)

१३ कार्यालयको **Website:** moicla.bagamati.gov.np/

१४ मन्त्रालयको सम्पर्क नं . ०५७-५९०२६४,

१५ इमेलः moiclrbagamati@gmail.com, moicla@bagamati.gov.np

१६ ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ (संशोधन २०८१)
- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ (संशोधन २०८१)
- प्रदेश हस्तकलाग्राम सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१
- प्रविधि हस्तान्तरण कार्यविधि, २०८९ (संशोधन २०८१)
- नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८०
- सिप विकास पहिचान एँव तालिम संचालन सम्बन्धी कार्यविधि, २०८०
- प्रदेशस्तरिय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०
- मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

अधिकृत सातौं



महाशाखा प्रमुख

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## १७ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिकमा भएको खर्चको विवरण यस प्रकार रहेको छ।

(रु. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | कार्यालयको नाम | कुल बजेट | आ.व. २०८१/०८२ चौथो त्रैमासिकको | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत | |
| १ | ३०७०००११ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ६४३२४ | ३०४९५ | ४७.४ | |
| २ | ३०७००११२ | उद्योग विकास तथा बजार अनुगमन | ३७१०४० | २१२२६३ | ५७.२ | |
| ३ | ३०७००१२१ | भूमि व्यवस्थापन तथा नक्शाङ्कन | ५८१०० | २५४१९ | ४३.७ | |
| ४ | ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,हेटौंडा | ६५८७५ | २१७६३ | ३३.१ | |
| ५ | ३०७०१०१३ | उद्योग तथा बाणिज्य कार्यालयहरु | १६९१६१ | ४१८९५ | २४.७ | |

चालुगत खर्च

(रु. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | कार्यालयको नाम | कुल बजेट | आ.व. २०८१/०८२ चौथो त्रैमासिकको | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | चालु खर्च | खर्च प्रतिशत | |
| १ | ३०७०००११ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ४०१६४ | ९४२९ | २३.५ | |
| २ | ३०७००११२ | उद्योग विकास तथा बजार अनुगमन | ३४९२४१ | १९७०७८ | ५६.५ | |
| ३ | ३०७००१२१ | भूमि व्यवस्थापन तथा नक्शाङ्कन | ५२६०० | २३४६० | ४४.६ | |
| ४ | ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,हेटौंडा | २२४७५ | २८९९ | १२.८ | |
| ५ | ३०७०१०१३ | उद्योग तथा बाणिज्य कार्यालयहरु | १३२५२६ | ३११९९ | २३.५ | |

...अधिकृत सातौं

...शाखा प्रमुख

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

पुँजीगत खर्च

(रु. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | कार्यालयको नाम | कुल बजेट | आ.व. २०८१/०८२ चौथो त्रैमासिकको | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | पुँजीगत खर्च | खर्च प्रतिशत | |
| १ | ३०७०००११ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | २४१६० | २१०६६ | ८७.२ | |
| २ | ३०७०० ११२ | उद्योग विकास तथा बजार अनुगमन | २१७९९ | १५१८५ | ६९.६५ | |
| ३ | ३०७००१२१ | भूमि व्यवस्थापन तथा नक्शाङ्कन | ५५०० | १९५९ | ३५.६ | |
| ४ | ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,हेटौंडा | ४३४०० | १८८६४ | ४३.५ | |
| ५ | ३०७०१०१३ | उद्योग तथा बाणिज्य कार्यालयहरु | ३६६२५ | १०६९६ | २९.२ | |

१८ मन्त्रालय तथा मातहतका निकायहरुबाट आर्थिक वर्ष २०८१/०८२ मा संकलित राजस्वको विवरण:

| क्र.स. | राजस्व शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | घरजग्गा रजिष्टेशन दस्तुर | ६,१५,३०,०३,०८०.७८ | |
| २ | व्यावसाय रजिष्टेशन दस्तुर | ३०,२१,५४,९०१ | |
| ३ | अन्त्य सेवा शुल्क तथा बिक्री | ६,३०,३४,४०४.२० | |
| ४ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ३,३१७,९८८.०० | |
| ५ | अन्य प्रशासनिक सेवा शुल्क | २,४०७,९१५.०० | |
| ६ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १,८९१,७२१.०० | |
| ७ | वन क्षेत्रको रोयल्टी | १,५७३,८३३.५६ | |
| ८ | सरकारी सम्पतीको वहालबाट प्राप्त आय | ८३९,५६९.०० | |
| | कुल जम्मा | ६,५२,९१,६९,१७७.२२ | |

अधिकृत सातौं

महाशाखा प्रमुख